२०७९ सालको नियमावली नं. १

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ | संख्याः १ | मितिः२०७९।०६।३०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका
## भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७९

**प्रस्तावनाः**

मकवानपुर जिल्ला र छिमेकी जिल्लाहरु समेतमा प्राविधिक शिक्षा अध्ययन अध्यापन गर्ने पर्याप्त क्याम्पसहरुको अभाव भएको र स्थानीय स्तरमा नै प्राविधिक तर्फको उच्च शिक्षा हासिल गर्न विधार्थीहरुको अत्याधिक माग भएको यथार्थतालाई स्वीकार गर्दै स्थानीय सरकारको हैसियतले प्राविधिक शिक्षालाई प्राथमिकता दिने क्रममा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा इन्जिनियरिङ्ग क्याम्पस सञ्चालन एवम् व्यवस्थापन गर्न वाञ्छनीय देखिएकोले भुटनदेवी माध्यमिक विद्यालय हेटौंडा ४ को सहकार्यमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार



हेटौंडा राजपत्र

प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो नियमावली स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम "भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७९ रहने छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

(३) यो नियमावली हेटौंडा उपमहानगरपालिकामा रहेको भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको हकमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कोष" भन्नाले दफा २१ बमोजिमको क्याम्पस सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको हेटौंडा उपमहानगरपालिका सम्झनु पर्दछ ।

(ङ) "नगर सभा" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित हेटौंडा उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(च) "शिक्षक/प्राध्यापक" भन्नाले भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसमा प्राध्यापन गर्ने तथा अनुसन्धान गर्ने जिम्मेवारी पाएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले उपमहानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "क्याम्पस" भन्नाले भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस सम्झनु पर्छ । यसलाई अंग्रेजीमा "Bhutandevi Engineering Campus" भनिनेछ ।

(ञ) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको क्याम्पस सभा सम्झनुपर्छ ।

(ट) "संरक्षक समिति (बोर्ड अफ ट्रष्टीज)" भन्नाले दफा ९ बमोजिमको संरक्षक समिति सम्झनुपर्छ ।

(ठ) "सञ्चालक समिति" भन्नाले दफा ११ बमोजिमको गठित समिति सम्झनुपर्छ ।

(ड) "प्राज्ञिक समिति" भन्नाले दफा १४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(ढ) "खरिद समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ण) "क्याम्पस प्रमुख" भन्नाले दफा १७ वमोजिम क्याम्पसको प्राज्ञिक, आर्थिक तथा दैनिक प्रशासनिक कार्य गर्नको लागि प्रमुख प्रशासकको रुपमा नियुक्त अधिकारीलाई सम्झनुपर्छ ।

(त) "कर्मचारी" भन्नाले अध्यापन र अनुसन्धान कार्य बाहेक क्याम्पसको आर्थिक, प्रशासनिक र अन्य व्यवस्थापकीय कार्यमा संलग्न व्यक्तिलाई सम्झनुपर्छ ।

हेटौंडा राजपत्र

(थ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले क्याम्पस सञ्चालक समितिबाट स्वीकृत विनियममा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. <u>क्याम्पसको उद्देश्य :</u>** (१) भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) इन्जिनियरिङ्गको स्नातक लगायत उच्च शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) इन्जिनियरिङ्ग लगायत विभिन्न विषयमा तथा अन्य अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायहरूबाट अनुमति लिई अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने ।

(ग) इन्जिनियरिङ्ग शिक्षाको स्तर अभिवृद्धि गर्न स्वदेशी तथा विदेशी शैक्षिक संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

(घ) उपमहानगरपालिकाको मानव स्रोत विकास, अध्ययन, अनुसन्धान तथा प्राज्ञिक विकासमा सहयोगी भई तत् क्षेत्रको विकासको लागि भूमिका निर्वाह गर्ने ।

(२) क्याम्पसले लागू गर्ने कार्यक्रमहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून एवम् सम्बन्धित विश्वविद्यालयले तोकेको मापदण्ड र निर्देशन अनुरूप सञ्चालन हुनेछ ।

## <u>परिच्छेद-२</u>

## भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको सञ्चालन, व्यवस्थापन, स्वरुप तथा काम, कर्तव्य र अधिकार

**४. <u>भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको संचालन तथा व्यवस्थापन :</u>** (१) हेटौंडा उपमहानगरपालिका वडा नं. ४ मा अवस्थित मकवानपुर जिल्लाकै पुरानो विद्यालय भुटनदेवी माध्यामिक विद्यालयसँगको सहकार्यमा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा सञ्चालन गर्न लागिरहेको भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसलाई इन्जिनियरिङ्ग लगायत अन्य अनुमति लिनुपर्ने विषयमा सम्बन्धित निकायहरूबाट अनुमति लिई उच्च शिक्षा अध्ययन तथा अनुसन्धान गर्ने संस्था तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्य समेतका लागि क्याम्पस सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

(२) भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसलाई आवश्यक पर्ने कर्मचारी, शिक्षक/प्राध्यापक, विद्यार्थी तथा तत् सम्बन्धी व्यवस्थापन संचालक समितिले गर्नेछ ।

(३) क्याम्पस सञ्चालनका लागि आवश्यक पर्ने जग्गा, भवन तथा अन्य उपकरणको उपलब्धता हेटौंडा उपमहानगरपालिकाको सहयोगमा भुटनदेवी माध्यमिक विद्यालयले व्यवस्थापन गर्नेछ । क्याम्पस सञ्चालन गर्दा विद्यालयलाई आर्थिक व्ययभार पर्ने छैन ।

**५. <u>भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस स्वशासित र सङ्गठित संस्था हुने :</u>** (१) भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस नगर कार्यपालिकाबाट पारित नियमावली/कार्यविधि भित्र रहने एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) यस क्याम्पसले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न सक्नेछ ।

(४) यो नियमावलीको अधिनमा रही भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस एक प्राज्ञिक र वित्तीय हिसावले स्वतन्त्र रूपमा संचालन/व्यवस्थापन हुनेछ ।

(५) यस क्याम्पसले व्यक्ति सरह करार गर्न, आफ्नो नामबाट नालिस उजुर गर्न र क्याम्पस उपर पनि सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।

६. **भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको स्वरुपः** (१) भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसमा देहाय बमोजिमका सङ्गठनहरू रहनेछन् र तिनीहरूको सामूहिक रूप नै भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको स्वरुप हुनेछ :-

(क) क्याम्पस सभा,

(ख) संरक्षक समिति (Board of Trustees),

(ग) संचालक समिति,

(घ) प्राज्ञिक समिति

(२) क्याम्पस सभा तथा संचालक समितिले आवश्यक ठानेका अन्य समिति, उपसमिति तथा कार्यदलहरू गठन गर्न सक्नेछ ।

## परिच्छेद-३

## क्याम्पस सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **क्याम्पस सभाको गठनः** (१) क्याम्पसको सर्वोच्च निकायको रूपमा एउटा क्याम्पस सभा रहनेछ ।

(२) क्याम्पस सभाको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) संरक्षक समितिका पदाधिकारी एवम् सदस्यहरु | पदेन सदस्य |
| (ख) संचालक समितिका पदाधिकारी एवम् सदस्यहरु | पदेन सदस्य |
| (ग) नेपाल इन्जिनियरिङ्ग काउन्सिलका अध्यक्ष वा निजले तोकेको व्यक्ति १ (एक)जना | सदस्य |
| (घ) उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख | पदेन सदस्य |
| (ङ) मकवानपुर जिल्ला भित्रका स्थानिय तहका प्रमुखहरु /अध्यक्षहरु | सदस्य |
| (च) प्राविधिक तथा व्यवसायिक तालिम परिषद् बागमती प्रदेश कार्यालय प्रमुख | सदस्य |
| (ज) नगर प्रमुखबाट मनोनित जिल्लाका विशिष्ठ प्रज्ञिक व्यक्तित्वहरू मध्येबाट १ जना महिला, १ जना दलित र १ जना आदिवासी जनजाती सहित ४ (चार) जना | सदस्य |
| (ञ) नगरकार्यपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्यहरु मध्ये २ जना महिला, १ जना दलित सहित ४ (चार) जना | सदस्य |
| (ट) सहायक क्याम्पस प्रमुखहरु र विभागीय प्रमुखहरु | पदेन सदस्य |
| (ठ) अध्यक्ष, क्याम्पस प्राध्यापक संघ, भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस इकाइ समिति | पदेन सदस्य |
| (ड) अध्यक्ष, क्याम्पस कर्मचारी संघ, भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस इकाइ समिति | पदेन सदस्य |
| (ढ) अध्यक्ष, स्वतन्त्र विद्यार्थी युनियन, भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पस | पदेन सदस्य |
| (ण) इन्जिनियर क्षेत्रमा अनुभव हासिल गरेका व्यक्तिहरु मध्ये सञ्चालक | |

समितिले मनोनयन गरेको १ जना महिला सहित ३ (तिन) जना सदस्य

(त) सम्वन्धन प्राप्त विश्वबिद्यालयका प्रतिनिधि पदेन सदस्य

(थ) अध्यक्ष वा प्रतिनिधी, मकवानपुर जिल्लामा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलबाट १/१ जना पदेन सदस्य

(ध) अध्यक्ष वा प्रतिनिधी, भुटनदेवी अल्मुनाई एशोसियसन पदेन सदस्य

(न) भूटनेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिको पूर्व अध्यक्षबाट बि.व्य.स.ले मनोनयन गरेको ३ जना सदस्य

(प) शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख पदेन सदस्य

(फ) राष्ट्रिय परीक्षा बोर्ड शाखा कार्यालय हेटौँडा प्रमुख पदेन सदस्य

(ब) संयोजक, भुटनदेवी मा.वि शिक्षक अभिभावक संघ पदेन सदस्य

(म) अध्यक्ष, शिक्षक महासंघ, मकवानपुर पदेन सदस्य

(य) अध्यक्ष, गैर सरकारी संस्था महासंघ, मकवानपुर पदेन सदस्य

(र) अध्यक्ष, नेपाल पत्रकार महासंघ, मकवानपुर पदेन सदस्य

(ल) क्याम्पस प्रमुखहरु, (मकवानपुर जिल्लामा रहेका सामुदायिक/आंगिक क्याम्पसबाट प्रतिनिधित्व हुने गरी क्याम्पस संचालक समितिबाट मनोनित) ५जना सदस्य

(व) प्रधानाध्यापक, छिमेकी माध्यमिक विद्यालय वा फिडर विद्यालयबाट प्रतिनिधित्व हुने गरी सञ्चालक समितिबाट मनोनित ५ जना सदस्य

(स) क्याम्पस प्रमुख सदस्य-सचिव

(३) नगरसभा र नगर कार्यपालिका सदस्य मध्येबाट मनोनित हुने व्यक्तिहरुको हकमा नगरसभा र नगर कार्यपालिकाको सदस्यको पदावधि कायम रहेसम्म पदावधि कायम हुनेछ ।

(४) परिषदले आवश्यक ठानेमा प्राज्ञिक क्षेत्रमा अध्ययन तथा अनुसन्धानका कार्यमा संलग्न व्यक्तिलाई क्याम्पस सभाको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(६) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्याम्पसको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) क्याम्पसको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) क्याम्पसको ऐन, नियम, विधान,विनियम, कार्यविधि, निर्देशिका, मापदण्डहरु स्वीकृत गर्ने,

(घ) क्याम्पसको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, पदक, पुरस्कार आदि प्रदान गर्ने,

(ङ) क्याम्पसको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(च) क्याम्पसको विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) क्याम्पसको लेखा परिक्षक नियुक्त गर्ने तथा लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गर्ने र स्वीकृत गर्ने,

हेटौंडा नगरपालिका

(ज) सभाबाट स्वीकृत बार्षिक प्रतिवेदन नगर सभामा पेश गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने,

(ञ) क्याम्पसमा आवश्यक पर्ने शिक्षक र कर्मचारीको दरबन्दी स्विकृत गर्ने,

(ट) सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

## परिच्छेद-४

## संरक्षक समिति सम्बन्धी व्यवस्था

**९. संरक्षक समितिको गठनः** (१) क्याम्पसको हित, संरक्षण तथा प्रवर्द्धन गर्न एवं सुसञ्चालनको निमित्त निर्देशन एवं अनुगमन गर्ने काम समेतको लागि क्याम्पसमा देहायका सदस्यहरू भएको एक क्याम्पसको संरक्षक समिति हुनेछः-

| | |
|---|---|
| (क) मकवानपुर जिल्ला प्रतिनीधि सभा क्षेत्र नं. १ को निर्वाचित प्रतिनिधि सभा सदस्य | संयोजक |
| (क) मकवानपुर जिल्ला प्रतिनिधि सभा क्षेत्र नं. २ को निर्वाचित प्रतिनिधि सभा सदस्य | सदस्य |
| (ख) मकवानपुर जिल्लाबाट निर्वाचित प्रदेश सभा सदस्य ४ जना | सदस्य |
| (ग) प्रमुख, जिल्ला समन्वय समिति, मकवानपुर | सदस्य |
| (घ) नगर प्रमुख, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| (ङ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मकवानपुर | सदस्य |
| (च) बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको सचिव वा निजले तोकेको बरिष्ठ अधिकृत | सदस्य |
| (छ) अध्यक्ष, मकवानपुर उधोग वाणिज्य संघ | सदस्य |
| (ज) प्रमुख प्रशासकीय अधिकृत, हेटौंडा उपमहानगरपालिका | सदस्य सचिव |

(२) संरक्षक समितिको बैठक सम्बन्धी कार्यविधि संरक्षक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. संरक्षक समितिको काम, कर्तव्य र अधिकार :** संरक्षक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्याम्पसको हित संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक काम गर्ने,

(ख) क्याम्पसको स्रोत र साधन अभिवृद्धि गर्न क्रियाशील रहने,

(ग) क्याम्पसमा अक्षयकोष, छात्रवृत्तिकोष र विद्वत वृत्तिकोष खडा गर्न तथा त्यस्तो कोषको उपयोग र सञ्चालन सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा संचालक समितिलाई सुझाव दिने,

(घ) क्याम्पसमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने सम्बन्धमा आवश्यक भूमिका निर्वाह गर्ने,

(ङ) क्याम्पस सभालाई शैक्षिक उन्नयनका लागि आवश्यक सुझाव दिने ।

## परिच्छेद-५

## संचालक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**११. <u>संचालक समितिको गठन :</u>** (१) क्याम्पसको कार्यकारी निकायको रूपमा काम गर्न एक संचालक समिति रहनेछ ।

(२) संचालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख | अध्यक्ष |
| (ख) सञ्चालक समितिको निवर्तमान अध्यक्ष | पदेन सदस्य |
| (ग) हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख | उपाध्यक्ष |
| (घ) हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) नगरसभा सदस्यहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको १ महिला र १ दलित सहित २ जना | सदस्य |
| (च) हेटौँडा उपमहानगरपालिका ४ नं. वडा अध्यक्ष वा प्रतिनिधी | पदेन सदस्य |
| (छ) संचालक समितिबाट शैक्षिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट मनोनित महिला सहित ४ जना | सदस्य |
| (ज) भुटनदेवी मा.वि.को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | पदेन सदस्य |
| (झ) क्याम्पस सभाले मनोनयन गरेका ईन्जिनियरिङ्ग अध्ययन अनुसन्धानको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति १ जना | सदस्य |
| (ञ) भुटनदेवी मा.वि. विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको वर्तमान विद्यालय व्यवस्थापनका समितिका सदस्यहरु मध्येबाट १ जना | सदस्य |
| (ट) अध्यक्ष, उधोग संघ हेटौंडा | सदस्य |
| (ठ) प्रधानाध्यापक, भुटनदेवी माध्यमिक विद्यालय | सदस्य |
| (ड) क्याम्पस प्रमुख | सदस्य सचिव |

(३) क्याम्पस भित्र आधिकारिक रुपमा गठन भएका संघ संगठनहरुको प्रतिनिधित्वको सम्बन्धमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ । तर नगरसभा सदस्य मध्येबाट मनोनित हुने नगरसभा सदस्यको पदावधि कायम रहेसम्म वा तोकिएको कार्यकाल जुन पहिला समाप्त हुन्छ सोही अनुसार पदावधि कायम हुनेछ ।

(५) संचालक समितिका सदस्यहरुमध्येबाट संचालक समितिले तोकेको १ जना कोषध्यक्ष रहनेछ ।

(६) संचालक समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा सँचालक समितिको सदस्यता स्वतः निलम्बन/खारेज हुनेछ ।

(क) नैतिक पतन हुने गरी फौजदारी अभियोग लागेमा ।

(ख) यस नियमावली, २०७९ विपरित कुनै काम गरेमा ।

**१२. <u>संचालक समितिको काम, कर्तव्य र अधिकार :</u>** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्याम्पस सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) क्याम्पसको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि क्याम्पस सभासमक्ष पेश गर्ने,

(ग) क्याम्पसको कोष तथा चल-अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) क्याम्पस सभाको नीति निर्देशनको अधीनमा रही क्याम्पसको चल-अचल सम्पत्ति बेचबिखन गर्ने तथा ठेक्का पट्टामा दिने,

(ङ) क्याम्पसद्वारा सञ्चालित कार्यक्रमहरूको समन्वय, रेखदेख, निरीक्षण गर्ने, वार्षिक शैक्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयन गरि प्रतिवेदन क्याम्पस सभासमक्ष पेश गर्ने,

(च) क्याम्पससँग सम्बन्धित नियमहरूको मस्यौदा तयार गरी स्वीकृतिको लागि क्याम्पस सभासमक्ष पेश गर्ने । साथै तत्कालै कार्यान्वयन गर्नुपर्ने नियम तथा कार्यविधिहरु समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्ने र क्याम्पस सभा समक्ष अनुमोदनको लागी पेश गर्ने ।

(छ) संरक्षक समितिले गरेको सिफारिस तथा सुझाव कार्यान्वयन गर्ने,

(ज) क्याम्पसको लागि आवश्यक शिक्षक/प्राध्यापक तथा कर्मचारीहरू नियुक्ति र बढुवा गर्ने,

(झ) क्याम्पसलाई प्राप्त दान, दातव्य, आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ञ) क्याम्पस सभाले तोके बमोजिमको अन्य काम गर्ने,

(ट) शिक्षक/प्राध्यापक तथा कर्मचारीलाई एक वर्ष भन्दा लामो अवधीको तालिम/विदाको लागि छनौट गर्ने,

(ठ) तालिम/विदामा जाने शिक्षक/प्राध्यापक तथा कर्मचारीलाई उच्च शिक्षा तथा तालिमबाट फर्केपछि क्याम्पसमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कवुलियतनामा गराउने,

(ड) शिक्षक/प्राध्यापक तथा कर्मचारीहरूको सेवाको सुरक्षाको लागि पहल गर्ने,

(ढ) क्याम्पसका शिक्षक/प्राध्यापक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी नियमन तथा आवश्यक कारवाही गर्ने गराउने,

(ण) कुनै शिक्षक/प्राध्यापक वा कर्मचारीलाई यस ऐन बमोजिम संचालक समितिले कारबाही गर्न पाउने विषयमा आवश्यक कारवाही गरी त्यसको जानकारी क्याम्पस सभालाई दिने तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन क्याम्पस सभामा पठाउने,

(त) क्याम्पसको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने गराउने,

(थ) नेपाल सरकार, प्रदेश सरकार, उपमहानगरपालिका र सम्बन्धन प्राप्त विश्वविद्यालयबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा क्याम्पसलाई सरिक गराउने,

(द) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने गराउने,

(ध) शिक्षक/प्राध्यापक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गर्ने गराउने,

(न) विद्यार्थी, शिक्षक/प्राध्यापक, कर्मचारी तथा अभिभावकलाई क्याम्पसको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने,

(प) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने गराउने,

नेपाल राजपत्र

(फ) संचालक समितिको सचिवालय क्याम्पसको भवनमा राख्ने तथा क्याम्पसको कागजपत्र र अभिलेख सुरक्षित गर्ने गराउने,

(ब) नियुक्त हुने शिक्षक/प्राध्यापक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थित गर्न विनियम बनाई क्याम्पस सभाबाट स्वीकृत गराई लागू गर्ने,

(भ) शिक्षक/प्राध्यापक एवं कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने,

(म) क्याम्पसको पढाइ व्यवहारिक, सीपमूलक र स्तरीय बनाउन भूमिका निर्वाह गर्ने,

(२) क्याम्पसको संचालक समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार संचालक समितिको सदस्य-सचिवलाई वा प्राज्ञिक समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद–६

## संचालक समितिको अध्यक्ष र उपाध्यक्षको काम कर्तव्य र अधिकार

**१३. अध्यक्षको काम कर्तव्य र अधिकार :** (१) अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संचालक समिति र क्याम्पस सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

(ख) निर्णायक मत दिने ।

(ग) क्याम्पसको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) क्याम्पसको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सदस्य सचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(ज) क्याम्पसको चल अचल सम्पत्तिको रेखदेख गरि अभिलेख राख्ने, राख्न लगाउने ।

(झ) क्याम्पसको उद्देश्य, क्रियाकलाप अनुरुप काम भए नभएको जानकारी राख्न क्याम्पस प्रमुखबाट आवधिक प्रतिवेदन प्राप्त गर्ने र आवश्यक निर्देशन दिने ।

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, ख्याति प्राप्त क्याम्पस, विश्वविद्यालयसँग सम्पर्क राखी क्याम्पसको हितको लागि प्रचलित कानून अनुसार आवश्यक भएमा नेपाल सरकारको सम्बन्धित निकायको स्वीकृति लिई सम्झौता गर्ने गराउने ।

(ड) क्याम्पसको हितको लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।

(ख) अध्यक्षबाट प्रत्यायोजित कार्यहरु गर्ने गराउने ।

(ग) अध्यक्षलाई सहयोग गर्ने ।

(घ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-७

## प्राज्ञिक समिति

**१४. प्राज्ञिक समितिः** (१) क्याम्पसको शैक्षिक, प्रशासनिक प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न तथा क्याम्पस प्रमुखको कामलाई सहयोग र समन्वय गर्ने निकायको रूपमा एक प्राज्ञिक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) क्याम्पस प्रमुख | - संयोजक |
| (ख) सहायक क्याम्पस प्रमुखहरु | - सदस्य |
| (ग) सम्पूर्ण विभागीय प्रमुखहरू | - सदस्य |
| (घ) अध्यक्ष, क्याम्पस प्राध्यापक संघ | - सदस्य |
| (ङ) अध्यक्ष, क्याम्पस कर्मचारी संघ | - सदस्य |
| (च) क्याम्पस प्रमुखले तोकेको सहायक क्याम्पस प्रमुख मध्येबाट १ जना | - सदस्य सचिव |

(३) प्राज्ञिक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) प्राज्ञिक समितिको बैठक संचालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१५. प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार :** प्राज्ञिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इन्जिनियरिङ्ग लगायत विभिन्न विषयमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने,

(ख) पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न आवश्यक सहयोग गर्ने,

(ग) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्न सहयोग गर्ने,

(घ) परीक्षामा उत्कृष्ट श्रेणीमा सफल हुने विद्यार्थीलाई पुरस्कार तथा पदक प्रदान गर्न सञ्चालक समितिलाई सिफारिस गर्ने,

(ङ) उत्कृष्ट योगदान पुऱ्याउने विद्यार्थी तथा शिक्षकलाई पुरस्कार, पदक प्रदान गर्न क्याम्पस सञ्चालक समितिलाई सिफारीस गर्ने,

(च) क्याम्पसद्वारा सञ्चालित अध्ययन, तालिम तथा अनुसन्धानमा उत्कृष्ट व्यक्ति तथा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सिफारिस गर्ने,

(छ) अध्ययन, तालिम तथा अनुसन्धान वापतको शुल्क निर्धारण गर्न सिफारिस गर्ने,

(ज) क्याम्पस सभाबाट स्वीकृत प्राज्ञिक समितिसँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने/गराउने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने,

## परिच्छेद-८
## खरिद समिति

**१६. खरिद समिति गठन सम्बन्धी व्यवस्था :** (१) क्याम्पसका आवश्यक वस्तु तथा सामग्रीहरु खरिद गर्न एउटा खरिद समितिको गठन हुनेछ । देहाय बमोजिमको खरिद समिति गठन गरिनेछः

| | |
|---|---|
| (क) सञ्चालक समितिले तोकेको समितिको सदस्य १ जना | संयोजक |
| (ख) सहाय क्याम्पस प्रमुख | सदस्य |
| (ग) लेखा शाखा प्रमुख | सदस्य |
| (घ) स्टोर शाखा प्रमुख | सदस्य |

नेपाल राजपत्र

(ङ) प्रशासन शाखा प्रमुख सदस्य सचिव

(२) खरिद समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खरिद समितिले क्याम्पसको विधान र खरिद ऐन तथा नियमावलीको अधिनमा रही सवै किसिमका काम कारवाहीलाई व्यवस्थित गर्नेछ ।

(ख) खरिद समितिले आफुले सम्पादन गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-९

## क्याम्पस प्रमुखको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

१७. **क्याम्पस प्रमुख सम्बन्धी व्यवस्था :** (१) क्याम्पसको प्राज्ञिक, आर्थिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक क्याम्पस प्रमुखको पद रहनेछ ।

(२) कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको, शिक्षण संस्थाहरुमा कम्तीमा ५ (पाँच) वर्ष शिक्षक/प्राध्यापकको रूपमा शिक्षण अनुभव भएको व्यक्तिलाई संचालक समितिको निर्णय वमोजिम ४ (चार) वर्षको लागि क्याम्पस प्रमुखको पदमा नियुक्ति गरिनेछ । यस सम्बन्धमा संचालक समितिले आन्तरिक वा खुल्ला बिज्ञापन मार्फत पदपुर्ति गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा क्याम्पसको प्रमुखलाई संचालक समितिले जुनसुकै बखत हटाउन सक्नेछः–

(क) निजको आचरण खराब रहेमा,

(ख) क्याम्पसको विधान, नियमावली वा फौजदारी कानून विपरित कुनै काम गरेमा,

(ग) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा,

(घ) क्याम्पसको चल अचल सम्पत्ति हिनामिना गरेमा,

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो उपदफा बमोजिम क्याम्पस प्रमुखलाई पदबाट पदमुक्त गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(५) क्याम्पसको क्याम्पस प्रमुखको पद कुनै कारणले रिक्त भएमा क्याम्पस प्रमुख पदपूर्ति नभएसम्मका लागि सञ्चालक समितिले तोकेको सहायक क्याम्पस प्रमुख निमित्त क्याम्पस प्रमुख भई काम गर्नेछ ।

(६) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पसको संचालक समितिले यस नियमावली बमोजिम योग्यता पुगेको व्यक्तिलाई क्याम्पस प्रमुखको नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्नेछ ।

१८. **क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :** क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) क्याम्पसको विधानमा उल्लेख भएका कामहरु गर्ने,

(ख) सञ्चालक समितिको सदस्य सचिव भई काम गर्ने,

(ग) क्याम्पसमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

(घ) क्याम्पसका शिक्षक/प्राध्यापक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ङ) शिक्षक/प्राध्यापकहरूसँग परामर्श गरी क्याम्पसमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको अनुगमन गर्ने,

(च) क्याम्पसमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(छ) क्याम्पसको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(ज) क्याम्पसमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(झ) क्याम्पसमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्न लगाउने,

(ञ) क्याम्पस सेवा समितिको सदस्य सचिव भई काम गर्ने,

(ट) क्याम्पसको प्रभावकारी सञ्चालनको लागि वार्षिक योजना बनाई संचालक समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(ठ) क्याम्पस सञ्चालक समितिले दिएका निर्देशनहरु पालना गर्ने,

(ड) क्याम्पस सभा तथा सञ्चालक समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

(ढ) तोकिएका अन्य कामहरु गर्ने ।

**१९. <u>सहायक क्याम्पस प्रमुख सम्बन्धी व्यवस्था :</u>** (१) क्याम्पसको क्याम्पस प्रमुखलाई सहयोग पुऱ्याउन क्याम्पसमा कार्यरत शिक्षक/प्राध्यापक मध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले सहायक क्याम्पस प्रमुख नियुक्ति गर्ने सक्नेछ ।

(२) सहायक क्याम्पस प्रमुख क्याम्पस प्रमुखप्रति उत्तरदायी हुनेछन् ।

(३) सहायक क्याम्पस प्रमुखको पदावधि ४ बर्षको हुनेछ ।

(४) सहायक क्याम्पस प्रमुखका अन्य कामहरु क्याम्पसको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

**२०. <u>क्याम्पस सेवा समितिः</u>** (१) क्याम्पसमा शिक्षक/प्राध्यापक वा कर्मचारी नियुक्तिका लागि सिफारीस गर्न देहाय वमोजिमको एक क्याम्पस सेवा समिति रहनेछ :

| | |
|---|---|
| (क) संचालक समितिको बैठकले तोकेको समिति सदस्य | -संयोजक |
| (ख) उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख | -सदस्य |
| (ग) क्याम्पस प्रमुख | -सदस्य सचिव |

(२) आवश्यकता अनुसार सेवा समितिले विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) सेवा समितिको सचिवालय क्याम्पसमा रहनेछ ।

(३) सञ्चालक समितिले शिक्षक/प्राध्यापक वा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धमा सेवा समितिले कार्यविधि, मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## <u>परिच्छेद-१०</u>

## <u>क्याम्पसको कोष तथा लेखापरीक्षण</u>

**२१. <u>क्याम्पसको कोष :</u>** (१) क्याम्पसको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :-

(क) शैक्षिक शुल्क, सेवा तथा अन्य शुल्कबाट प्राप्त रकम,

(ख) संघीय सरकार, प्रदेश सरकार वा विश्वविद्यालय अनुदान आयोग अन्य सरकारी निकाय तथा उपमहानगरपालिकाबाट प्राप्त हुने निशर्त, शशर्त अनुदान, ऋण वा सहयोगबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट अनुदान वा ऋण स्वरूप प्राप्त हुने रकम,

(घ) क्याम्पसले गरेका अध्ययन, अनुसन्धान एवं सेवा उपलव्ध गराए वापत प्राप्त रकम,

(ङ) क्याम्पसको प्रकाशन बिक्री वितरणबाट प्राप्त रकम,

(च) क्याम्पसको चल अचल सम्पत्ति विक्रिवाट प्राप्त रकम,

(छ) क्याम्पसको विधानमा उल्लेख भए अनुसारका अन्य स्रोतहरुबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम क्याम्पसले विदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट कुनै रकम प्राप्त गर्नु अघि उपमहानगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(४) संघीय, प्रदेश वा स्थानीय सरकारले क्याम्पसको लागि आवश्यक देखेमा अनुदान स्वरूप रकम उपलव्ध गराएमा यस्तो रकम/अनुदान तोकेको प्रयोजनको लागि मात्र खर्च गरिनेछ ।

(५) क्याम्पसले कोष बढाउन तोकिए बमोजिमका कार्यहरू सञ्चालन गर्न सक्नेछ।

(६) क्याम्पसको कोषको रकम नेपाल सरकारको स्वीकृत प्राप्त बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(७) क्याम्पसको आम्दानी र खर्च खाता छुट्टा छुट्टै संचालन गरिनेछ ।

(८) क्याम्पसको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(९) क्याम्पसको आम्दानी खाताको संचालन संचालक समितिको कोषाध्यक्ष र क्याम्पस प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ । साथै क्याम्पसको खर्च खाता क्याम्पस प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

२२. **लेखा र लेखा परीक्षण :** (१) क्याम्पसको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) क्याम्पसको आन्तरिक र वाह्य लेखा परीक्षण गराइने छ । आय व्यय तथा लेखा प्रणालीलाई सुव्यवस्थित र पारदर्शी बनाउन तथा नियन्त्रण गर्ने सम्बन्धमा क्याम्पसको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) सभाबाट नियुक्त मान्यता प्राप्त लेखा परीक्षकबाट बार्षिक लेखा परीक्षण गराइने छ ।

## परिच्छेद-११
## विविध

२३. **भर्ना हुन चाहिने योग्यता :** क्याम्पसमा भर्ना हुन चाहने विद्यार्थीले सम्बन्धित विश्वविद्यालयले तोकेको आवश्यक न्युनतम योग्यता पुरा हुनुका साथै क्याम्पसले निर्धारण गरे बमोजिमको छनौट परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ ।

हेटौंडा राजपत्र

२४. **वार्षिक प्रतिवेदन :** (१) क्याम्पसले प्रत्येक अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन सहित आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफूले वर्षभरिमा सम्पन्न गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयार पारी क्याम्पस सभाबाट स्विकृत गरी नगरसभामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त क्याम्पसले वर्षभरि सम्पादन गरेका कामको संक्षिप्त विवरण र क्याम्पसको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ ।

२५. **समिति गठन गर्न सक्ने :** (१) क्याम्पसले यस नियमावली बमोजिम आफूले गर्नुपर्ने काम सुचारू रूपले गर्नको लागि आवश्यकता अनुसार समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति, उपसमिति तथा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यविधि सो समिति गठन हुँदा क्याम्पसले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **काम कारवाही बदर नहुने:** क्याम्पसको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा क्याम्पसको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटि भएको कारणले मात्र क्याम्पसबाट भए गरेका काम कारवाही बदर हुने छैन ।

२७. **अधिकार प्रत्यायोजन :** क्याम्पस सभाले यस नियमावली बमोजिमका अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार संचालक समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२८. **आरक्षण सम्बन्धी व्यवस्था :** (१) सम्बन्धन प्राप्त विश्वविद्यालयले तोकेको मापदण्ड समेतलाई मध्येनजर गरी आरक्षण सम्बन्धी व्यवस्था गरिनेछ । यस सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिमको हुनेछः

(क) खुल्ला प्रतिस्पर्धाको लागि ५० प्रतिशत

(ख) भुटनदेवी माध्यमिक विद्यालयको विद्यार्थीहरुका लागि १५ प्रतिशत

(ग) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका विद्यार्थीहरुका लागि ३० प्रतिशत

(घ) मकवानपुर जिल्लाभित्रका अन्य विद्यार्थीहरुका लागि ५ प्रतिशत

(२) आरक्षण सम्बन्धी अन्य व्यवस्था क्याम्पस विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

२९. **छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) छात्रवृत्ति सम्बन्धमा सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ । छात्रवृत्ति वितरण सम्बन्धी अन्य व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

३०. **आचार संहिता वा कार्यविधि पालना गर्नुपर्ने :** (१) क्याम्पस सञ्चालक समितिले क्याम्पसमा गठन भएका विभिन्न समितिहरुलाई क्रियाशिल बनाउन र प्राज्ञिक समिति, शिक्षक/प्राध्यापक, कर्मचारी तथा विद्यार्थीको लागि आवश्यक कार्यविधि वनाई कार्यान्वियन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिको पालन गर्नु सबैको कर्त्तव्य हुनेछ ।

३१. **क्याम्पस विघटन हुंदाको परिणाम :** क्याम्पस विघटन भएको अवस्थामा यसको सम्पूर्ण चल अचल सम्पत्ति प्रचलित कानून बमोजिम हुनेछ ।

३२. **विनियम बनाउने अधिकार :** यस नियमावलीको उद्देश्य कार्यान्वयन गर्न क्याम्पसले शिक्षक/प्राध्यापक, कर्मचारी प्रशासन, आर्थिक प्रशासन, शिक्षक/प्राध्यापक विधार्थी आचार

संहिता, कार्यविधि, विधार्थी भर्ना, परीक्षा, छात्रवृत्ति जस्ता विषयमा आवश्यक विनियम बनाउन सक्नेछ ।

**३३. खारेजी र बचाउः** (१) यस नियममा लेखिएको विषयवस्तु नेपालको प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र